# नेपाल राष्ट्र बैंकको

# प्रेस विज्ञप्ति

केही छापा तथा श्रव्य-दृश्य सञ्चार माध्यममा नेपाल राष्ट्र बैंकलाई जोडेर बैंकका उच्च पदाधिकारीहरूको फोटो समेत प्रकाशित एवम् प्रसारित गर्दै तथ्यहीन एवम् भ्रामक समाचार प्रकाशित एवम् प्रसारित भएकोमा यस बैंकको ध्यानाकर्षण भएको छ । मुलुकको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंक प्रचलित कानून बमोजिम स्वस्थ एवम् सुदृढ वित्तीय क्षेत्र निर्माण गर्दै समग्र वित्तीय स्थायित्व र वित्तीय सेवा पहुँच अभिवृद्धिमा समर्पित भएर अघि बढिरहेको र यसमा सञ्चार माध्यमको भूमिकाको उच्च महत्व रहेको पृष्ठभूमिमा सम्पूर्ण सञ्चार जगत्ले आफूले प्रकाशित एवम् प्रसारित गर्ने समाचार बैंकका आधिकारिक पदाधिकारीसँग यकिन गर्न र यस बैंकको वित्तीय क्षेत्रको सुशासन र शुद्धीकरण प्रयासमा सदाझैँ सहयोग पुऱ्याउनुहुन नेपाल राष्ट्र बैंक विनम्र अनुरोध गर्दछ ।

नेपाल राष्ट्र बैंक

गभर्नरको कार्यालय

जनसम्पर्क महाशाखा

२०७० असार २५ गते, मङ्गलवार